श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो संसोधन) निर्देशिका, २०७८**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ लाई संसोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले यो निर्देशिका जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन (दोस्रो संसोधन) निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २७ मा संसोधनः** प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ (यस पछि "मूल निर्देशिका" भनिएको) को दफा २७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) श्रमिकको काम बापतको पारिश्रमिक निर्धारण गर्दा नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहमा कायम भएको अदक्ष कामदारको ज्याला दर रेटको असी प्रतिशतले कायम हुन आउने रकम मध्ये जुन बढी हुन्छ सोही दर कायम हुनेछ ।"

३. **मूल निर्देशिकाको दफा ४८ मा संशोधनः** मूल निर्देशिकाको दफा ४८ को उपदफा (३) को सट्टा देहाय बमोजिमको उपदफा (३) राखिएको छ । उपदफा (३) पछि उपदफा ३क. थप गरिएको छ ।

"(३) रोजगार संयोजकको कामको वार्षिक मूल्यांकन गाँउ कार्यपालिका वा नगर कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीले स्वीकृत वार्षिक कार्ययोजनामा आधारित भई अनुसूची (१०) को ढाँचाको अतिरिक्त मन्त्रालयले उपलब्ध गराउने थप मापनयोग्य सूचकको आधारमा समग्र मूल्यांकन गर्नुपर्नेछ । रोजगार संयोजकको मूल्यांकनमा निजको कार्यसम्पादन सन्तोषजनक रहेमा र मन्त्रालयको पूर्व सहमतीको आधारमा प्रत्येक आर्थिक वर्षको असार मसान्त भित्र म्याद थप गरी पुनः काममा लगाउनु पर्नेछ ।

तर, तोकिएको न्यूनतम् अंक प्राप्त गर्न नसक्ने वा मन्त्रालयको निर्देशन विपरित म्याद थप गरी काममा लगाउने पदाधिकारीबाट रोजगार संयोजकले पाएको तलब, भत्ता र अन्य सुविधा सरकारी बाँकी सरह असूल उपर गरिनेछ र निज रोजगार संयोजकलाई जिम्मेवारीबाट हटाउन सकिनेछ ।"

"३क. प्रधानमन्त्री रोजगार कार्यक्रम र रोजगारसँग सम्बद्ध अन्य विषयको प्रगति मन्त्रालयको रोजगार व्यवस्थापन सूचना प्रणाली र वित्तीय प्रगतिको सम्बन्धमा SuTRA प्रणालीमा अनिवार्य रुपमा प्रविष्टी गर्नु पर्नेछ । प्रगति विवरण प्रणालीमा प्रविष्टी भए नभएको अद्यावधिक विवरण मन्त्रालयले चौमासिक रुपमा तयार गरी मुल्यांकन गर्नु पर्नेछ । कुनै स्थानीय तहले आफ्नो जिम्मेवारीमा रहेको उल्लेखित विवरण प्रविष्टि नगरेमा वा यस निर्देशिका बमोजिमको जिम्मेवारी पूरा नगरेमा मन्त्रलयले निर्णय गरी सशर्त अनुदानका कार्यक्रम वा बजेट रोक्का राख्न आवश्यक निर्देशन दिन सक्नेछ ।

४. **<u>मूल निर्देशिकाको दफा ७० मा संसोधन:</u>** मूल निर्देशिकाको दफा ७० को खण्ड (३) को सट्टा देहायको खण्ड (३) राखिएको छ र सोही दफामा खण्ड (११) पछि देहाय बमोजिमको खण्ड (१२) थप गरिएको छः-

(३) " **खानेपानी तथा सरसफाइ** : मुहान संरक्षण, पाईप विछ्याउने, ट्यांकी, धारा र शौचालय निर्माण तथा मर्मत, ढल पूर्वाधार मर्मत वा सोहि प्रकृतिका सरसफाइ सम्बन्धी पूर्वाधारजन्य क्रियाकलाप।"

(१२) "**स्वास्थ:** स्वास्थ पूर्वाधारको निर्माण तथा मर्मत।"

५. **<u>मूल निर्देशिकाको दफा ८७ मा संसोधन:</u>** मूल निर्देशिकाको दफा ८७ को उपदफा (१) पछि देहाय बमोजिमको प्रतिबन्धात्मक बाक्यांश थप गरिएको छः-

(१) "तर, मन्त्रालयले काममा खटिने श्रमिकको एकमुष्ठ कार्यस्थल दुर्घटना बीमा गरेमा रोजगार सेवा केन्द्रले सो बीमा गर्नु पर्ने छैन "

(२) उपदफा (२) को सट्टा देहाय बमोजिमको उपदफा (२) राखिएको छः-

(२) "उपदफा (१) बमोजिम श्रमिकको एकमुष्ठ कार्यस्थल दुर्घटना बीमा गर्दा लाग्ने सबै खर्च विपन्न श्रमिकको हकमा बिनियोजित बजेटको अधिनमा रही मन्त्रालयले व्यहोर्ने छ।"

(३) उपदफा (२) पछि देहाय बमोजिमको उपदफा (२क) थप गरिएको छः-

(२क) "निजी तथा गैरसरकारी संस्थाबाट दफा २३ बमोजिम श्रमिक माग भई रोजगारीमा खटिएका श्रमिकको हकमा सम्बन्धित रोजगारदाताले बीमा गरी सो बापतको रकम समेत व्यहोर्नु पर्नेछ "